# इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

पुनः दोश्रो पटक प्रकाशित मिति २०७६।०४।२१

इटहरी उपमहानगरपालिका द्धारा आ.ब.०७६।०७७ का लागि आर्थिक ऐन २०७५ को दफा २१ तथा स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ५९ र ६० अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्नु पर्ने भएकोले मिति २०७६।३।५ मा नागरीक दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित आन्तरिक आय संकलन ठेक्का सम्बन्धी सूचनाको ठे.नं. २।२०७५।०७६ र ३।२०७५।०७६ कुनै पनि शिलवन्दी बोलपत्र पेश हुन नआएकोले मिति २०७६/०४/१७ को निर्णय अनुसार पुन सूचना प्रकाशन गरिएको हुदा यसै सूचना अनुसार इच्छुक दर्तावाला कम्पनी वा फर्महरुले देहायका शर्त बन्देजको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र तपसील बमोजिमको मिति र समयभित्र खरिद गरी कार्यलय समयभित्र इटहरी उपमहानगरपालिकाको कार्यालयमा पेश गर्नु हुन यो सूचना दोश्रो पटकका लागि पुन प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि **WWW.itaharimun.gov.np**मा हेर्न सकिनेछ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु. मु.अ. कर बाहेक | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | २।२०७५।०७६ | आइतवारे बुधवारे हटियामा रहेको भवन कोठा वडा नं. ९ | तीन वर्ष | ६१,२०,०००। | ३०००। | २०७६।०५। ०३ गते सम्म | २०७६।०५।०४ गते दिउसो १२:०० वजे सम्म | २०७६।०५।०४ गते दिउसो १४:०० वजे सम्म |
| २ | ३।२०७५।०७६ | साप्ताहिक आईतबारे, बुधवारे हाटकर वडा नं. ९ | एक वर्ष | ४४,८९,२२२। | ३०००। | २०७६।०५। ०३ गते सम्म | २०७६।०५।०४ गते दिउसो १२:०० वजे सम्म | २०७६।०५।०४ गते दिउसो १४:०० वजे सम्म |

शर्तहरु

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) कर शाखवाट तोकिएको समयमा खरिद गरि पेश गर्नु पर्नेछ।

२. शिलवन्दी बोलपत्र साथ जमानत वापत कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटिड इटहरीमा रहेको धरौटी खाता नं. ग-३०५९०३००००००००३००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तपसिलको मिति र समय भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ।

३. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु गरिनेछ।

४. छुट्टा छुट्टै विषयको बोलपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ।

५. रितपूर्वक दाखिला भएको बोलपत्रहरु तोकिएको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन।

७. बोलपत्र खरिद गर्न र पेश गर्न प्यान/ मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्र, आ.ब. २०७४।०७५ को कर चुक्ता भएको प्रमाण पत्र, २०७६असार मसान्त सम्म नविकरण भएको इजाजत पत्र र इटहरी उप महानगरपालिकाको २०७७ असार मसान्त सम्म नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी अनिर्वाय संलग्न हुनु पर्ने छ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस उप-महानगरपालिका मा सुरक्षित रहने छ।

९. कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिन्छ।

१० यस सूचनामा उल्लेख भएका सर्त यसै बमोजिम नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हनेछ।

११. विस्तृत जानकारीको लागि **www.itaharimun.gov.np** मा हेर्न सकिनेछ।.

१२. ठेक्का सम्वन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्ने छ।

१३. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र)दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ।

१४. तीन बर्षे ठेक्काको हकमा एक मुष्ट रकम कबोल नगरी प्रत्येक बर्षको अलग अलग रकम कबोल गरेमा तीन बर्षको रकमलाई जोडजम्मा गरि कूल कबोल अंक मानिने छ।

१५. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा एक बर्षे ठेक्काको हकमा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई ३ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा, दोस्रो किस्ता २०७६ कार्त्तिक मसान्त भित्र र अन्तिम किस्ता २०७६ फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ। किस्ता रकम ठेक्का संझौता गर्दा नै बुझाई बांकी रकमको हकमा २०७७ असार मसान्त सम्म म्याद कायम रहेको मान्यता प्राप्त बैंकबाट जारि गरिएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ।। तिन वर्षे ठेक्काको हकमा कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा तीन किस्तामा विभाजन गरि पहिलो किस्ता २०७६।०७७ को कबोल रकम अग्रिम रुपमा सम्झौता गर्दैको बखत बुझाई बांकी रकमको २०७९ असार मसान्त सम्म अवधि भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी बुझाई सम्झौता गरिनेछ। तीन बर्षे ठेक्काको हकमा दोश्रो किस्ताको रकम २०७७ श्रावण मसान्त भित्र र अन्तिम किस्ता २०७८ श्रावण मसान्त भित्र नगदै बुझाउनु पर्ने छ।

१६. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना सहितको किस्ता रकम बुझाउनु पर्ने छ।

१७. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेण्टीबाट असूल गर्न बांकी रकम अशुल उपर गरिने छ।

१८. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का उप-महानगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाईने छैन। बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी कानून बमोजिम कारवाही गर्न सकिनेछ।

१९. ठेक्का संचालन गर्दा उप-महानगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्‍याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिने छ।

२०. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा, छुट, हर्जना, सहुलियत माग गर्न पाउने छैन।

२१. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि उपमहानगरपालिका कार्यालयले तोकेको ढांचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई उपमहानगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

२२ बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कवोल गर्नेसंग संझौता गरिनेछ ।

२३. साविक गा.वि.स. तथा साविक इटहरी उपमहानगरपालिकाले लगाएको ठेक्का लिई कबोल अंक चुक्ता नगरेको ठेकेदारवाट ठेक्का बक्यौता रकम चुक्ता नभएमा निजबाट दाखिला हुन आएको ठेक्का स्वीकृत गरिने छैन ।

२४. कुनैपनि चिठ्ठी, तार, टेलिफोन फ्याक्सबाट आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

२५. यस ठेक्का सम्वन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा उप-महानगरपालिकाको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

२६. नेपाल सरकार, अदालत र उपमहानगरपालिका को आदेश, निर्णयको ठेकेदारले अक्षरस पालना गर्नु पर्ने छ ।

२७. ठेक्का कबोल गर्ने ठेकेदारले सकार गरेको रकममा नियमानुसार लाग्ने मु.अ. कर समेत नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

२८. कर, दस्तुर शुल्क संकलनको दररेट सहितको सूची बोलपत्रसाथ उपलब्ध गराईनेछ । उक्त सुचीको वोर्ड सबैले देख्ने ठाउमा राखि सूचिमा उल्लेखित दर रेटको तोकिएको स्थान वाहेकको ठाउंमा कर दस्तुर शुल्क उठाउन पाईने छैन ।

२९. क) साप्ताहिक आईतबारे बुधबारे हाट वडा नं. ९ के कर संकलन गर्ने क्षेत्र : - टेग्राखोला देखि पूर्व जुट विकास चोक सम्म हुलाकी मार्गको दायाँ बायाँ तथा उपमहानगरपालिकाले लगाएको पोखरी पुरी बनाएको हाटमा

ख) आइतावारे बुधवारे हटियामा रहेको भवन कोठा भाडा वडा नं. ९ :- उप महानगरपालिकाको आइतावारे बुधवारे हटियामा रहेको भवनका कोठा (सटर) हरु ्

३०. हटियाको ठेक्का सकार गर्नेले हटिया लाग्ने क्षेत्रमा हटिया लाग्ने दिनको एक दिन अगाडी र पछाडी जुन ठेक्का सकार गरेको हो सोही ठेकेदार आफैले सो क्षेत्र सफा गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत